# गाउँपालिका अध्यक्ष श्री भक्त वहादुर वलीज्यूद्धारा
# नवौं गाउँसभामा प्रस्तुत भएको

# आ.ब. २०७८/०७९ को
# वार्षिक नीति तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
कमिरेचौर, दाङ्ग
०५ असार २०७८

**यस सभाका अध्यक्षज्यू**

**तथा**

**सदस्य ज्यूहरु,**

बंगलाचुली गाउँपालिकाको गरिमामय नवौं गाउँ सभामा आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरव महसुस गरेको छु । नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम बंगलाचुली गाउँपालिका स्थानीय सरकारको रुपमा रही चार वर्षको वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याई सकेका छौं।

१. विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारी र यसको पछिल्लो लहरले विश्व समुदायलाई आक्रान्त बनाई रहेको छ । कोरोनाको कारण जीवन गुमाएका नेपाली लगायत सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्दै सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२. यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात–अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।

३. कोभिड-१९ को प्रभावका कारण विकास प्रयासमा गतिरोध उत्पन्न भएको प्रतिकूल परिस्थितिबीच सुझबुझपूर्ण प्रतिकार्य गर्दै बंगलाचुली गाउँपालिकाको **"समृद्ध बंगलाचुली, सुखी बंगलाचुलीबासी"** को दिर्घकालिन सोच हासिल गर्न प्रथम पञ्चवर्षिय योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

४. स्थानीय सरकार जनताको त्याग र बलिदान बाट प्राप्त उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनता प्रति उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त गाउँ निर्माण तथा सभ्य र सु–संस्कृत समाज एवंम आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन् । गाउँको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित बंगलाचुली गाउँपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी तथा बंगलाचुली गाउँवासी प्रति धन्यवाद ज्ञापन गर्दछु ।

५. अब म आ.ब. २०७७/०७८ मा अघि बढाइएका नीति तथा कार्यक्रमहरुको समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

५.१ संघिय सरकार र गाउँपालिकाको साझेदारीमा कमिरेचौर स्वास्थ्य चौकीमा १५ शैयाको बंगलाचुली आधारभूत अस्पतालको मूख्य भवन निर्माण कार्य सम्पन्न भएको छ । सुविधा सम्पन्न अस्पताल व्यवस्थापन तथा संचालनका लागि थप संरचना निर्माणको कार्य अगाडी बढेको छ, गाउँपालिकाको आफ्नै पहलमा प्रयोगशाला, एक्स-रे र चिकित्सक सहितको अस्पताल सेवा प्रारम्भ गरिएको छ।

५.२ स्वास्थ्य चौकी नभएका वडा नं २, ४, ६, र ७ मा आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भएको छ । सामुदायिक स्वास्थ्य ईकाई तापा निर्माण कार्य अगाडी बढेको छ ।

५.३ कोभिड-१९ को माहामारीको रोकथाम, नियन्त्रणका लागि कोभिड अस्थाई अस्पताल, झुलिडाँडामा अक्सिजन सहितको आइसोलेसन संचालन गरिएको छ ।

५.४ छोटो अवधिमै अत्याधुनिक र पर्याप्त प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ। ७ वटा वडा कार्यालयहरुको आफ्नै भवनमा संचालन भएका छन् र बाँकी १ वडा कार्यालय निर्माण भैरहेको छ ।

५.५ विपन्न र जोखिम युक्त खरका छानो भएका नागरिकका लागि १००० घरमा खरका छाना मुक्त कार्यक्रम सम्पन्न भएको छ र बाँकी २०० घरमा यसै आ.व. भित्र कार्य सम्पन्न हुने गरी अगाडी बढेको छ।

५.६ संघिय सरकार, प्रदेश सरकार, गाउँपालिका र अन्य साझेदारहरुको सहकार्यमा जरुवा, पुठा खानेपानी आयोजना, खाडा-मर्पेस, गर्ज्याङ्ग-टाकुरा, ठुलो बडीखोला-दार्मा खानेपानी आयोजना, ठुलो खोला लिफ्ट खानेपानी आयोजना,कात्तिके, तिखेचुली खानेपानी आयोजना, ठुलो खोला लिफ्ट खानेपानी आयोजना, गदारी, पुरुङ्ग, काभ्रे, जुम्लेपानी, गहतेरा खानेपानी आयोजना, मुर्कुटी सामुदायिक खानेपानी आयोजना, अमारे, तिमिले, रिभान, आरुगैरा, सिउडे, गदारी खानेपानी आयोजना, विर्खे लिफ्ट खानेपानी आयोजना, हाँसिपुर खानेपानी आयोजना, रानीबास खानेपानी आयोजना, झिगा खानेपानी आयोजना सम्पन्न भएका छन् । साथै, तापा खानेपानी आयोजना, बंगलाचुली, साकिने, लाहापे, थुक्का, लाहापे लामाटोल खानेपानी आयोजना, लोहारपानी, जैरे-कुरे, झाक्रिरह-रोकिन्डाँडा खानेपानी आयोजना, जलजला सोलार लिफ्ट खानेपानी आयोजना, टोड्केलेख, जोरेगेल, वचेनी खानेपानी आयोजना, सुन्दरवस्ती जबरकोट, जैरे-कुरे, छाँपडाँडा-जबरकोट खानेपानी आयोजना, हाँसिपुर लिफ्ट, टिकुलिदमार, डाङ्गडुङ्गे खानेपानी आयोजना निर्माण चरणमा रहेका छन् ।

५.७ गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, सडक यातायात गुरुयोजना, डिजिटल पार्श्वचित्र, अन्य क्षेत्रगत गुरुयोजना, मापदण्डहरु, कानुनहरु, विभिन्न पूर्वाधारहरुको डि.पि.आर. र गुरुयोजना निर्माण भई कार्य अघि बढेको छ ।

<u>५.८</u>गाउँपालिका केन्द्र र वडा केन्द्र जोड्ने स्थानीय सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नतीका कार्यहरु अगाडि बढेका छन् । मदन भण्डारी लोकमार्ग कालोपत्रे कार्य सम्पन्न भएको छ। संघ तथा प्रदेशको लगानी तथा गाउँपालिकाको सक्रियतामा वि.पि मार्ग, गणतन्त्र मार्ग, मसिना-बोझपोखरा-अरङ्खोला सडक, हर्नोक-बढिपोखरा-स्युजा सडक, स्वामिघाट-स्याला-विर्खे सडक, मुलाबारी-लाहापे-बडडाँडा सडक, अजय-भरत कृषि मार्ग, सिउडे-अमारे सडक, झेल्नेटा-फलिदे-कोल सडक, घामटारी-घेनेखोला सडक, जुम्लेपानी-गहतेरा-सिमलतारा सडक लगायतका रणनैतिक तथा वैकल्पिक सडकहरु विस्तार कार्य तिब्र रुपमा अगाडि बढेको छ ।

<u>५.९</u> पाँच वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भई थप पुलहरु निर्माण हुने क्रममा छन् ।

<u>५.१०</u> शिक्षाको गुणस्तर अभिबृद्धिको लागि स्थानीय करार शिक्षक अनुदान कार्यक्रम तथा स्वास्थ्य सेवा प्रबर्द्धनको लागि आधारभुत स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य ईकाई, अस्पताल, प्रा.स्वा.के., लोहारपानी स्वा.चौ., हाँसिपुर स्वा.चौ. मा प्रयोगशाला सेवा संचालन, अस्पतालमा एक्स-रे सेवा, एक वडा एक कृषि प्राविधिक गरी १५० भन्दा बढी रोजगारी सृजना हुनुका अतिरिक्त अति आवश्यक सेवा प्रवाहमा थप टेवा पुगेको छ।

<u>५.११</u> विद्युतिय शासन तथा सेवा प्रवाह गर्न प्रशासकिय कार्यालय, ८ वटै वडा कार्यालय र बंगलाचुली आधारभुत अस्पताल, प्रा.स्वा.के. स्युजामा इन्टरनेट जडान कार्य सम्पन्न भएको छ ।

<u>५.१२</u> सुधा मा.बि. झेल्नेटामा प्राविधिक शिक्षालय संचालनमा आएको छ । महेन्द्र मा.वि. श्रीवारी नमूना विद्यालयको रुपमा छनोट भई कार्य अगाडी बढेको छ ।

५ वटा माध्यमिक विद्यालयमा १० जोड २ कक्षा सुरु भई थप एक माध्यमिक विद्यालय थप भएको छ ।

५.१३ आपतकालिन स्वास्थ्य उपचारको लागि २ वटा एम्बुलेन्स संचालनमा रहेको र १ एम्बुलेन्स वटा खरिद प्रक्रियामा रहेको छ।

५.१४ संघ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा खेलकुद मैदान, बहुउद्देश्यिय सभाहल, स्मार्ट एग्री भिलेज, शितभण्डार, धिमधिमे पर्यटकिय क्षेत्र, रानीथुम्की पर्यटकिय क्षेत्र, उजा बागेश्वरी मन्दिर, बंगलाचुली पार्क, कोशेली घर, हेलि प्याड जस्ता पूर्वाधार तथा पर्यटकिय क्षेत्रको विकास अगाडी बढेको छ ।

५.१५ प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम तथा अन्य लक्षित कार्यक्रम मार्फत आयमुलक, रोजगारीमुलक, सामाजिक न्याय तथा श्रममा आधारित कार्यक्रमहरु अगाडि बढेका छन।

५.१६ योजना तर्जुमा कार्यमा प्रभावकारिता आई योजना संख्या उल्लेख्य रुपमा घट्न गएको छ । जसबाट योजना कार्यान्वयनलाई तिब्रता दिई स्थलगत सम्झौता गर्ने गरी, उपभोक्ता समितिहरुको तालिम, सघन अनुगमन, आदिका माध्यमबाट विषम परिस्थितिका बाबजुद हालसम्म ९०% प्रगती हासिल गर्न सम्भव भएको छ ।

५.१७ स्थानीय सडकको नियमित मर्मत तथा सम्भार गर्न मर्मत सम्भार कोष स्थापना गरी नियमित मर्मत सम्भार कार्यलाई अगाडि बढाइएको छ ।

५.१८ राजश्वको दर भन्दा दायरा बढाउदा माहामारी बखत पनि आन्तरिक राजश्व तर्फ लक्ष्य प्राप्तिमा सफलता प्राप्त भएको छ ।

५.१९ न्यायिक समितिको मार्फत स्थानीय स्तरमा भएका मामिला र विवादहरुलाई पालिकाभित्रै समयमै समाधान गरिएको छ ।

५.२० एक वडा एक कृषि प्राविधिक कार्यक्रम मार्फत कृषि र पशु सेवाद्धारा स्थानीय स्तरमा उत्पादन अभिवृद्धी गर्न कृषकलाई अभिप्रेरित गर्न र युवा लक्षित कार्यक्रममार्फत स्थानीयको आयआर्जनमा टेवा पुऱ्याउने कार्य भएको छ । गाउँपालिका केन्द्रमा भेटनरी ल्याब स्थापना भएको छ । समग्रमा कृषि तथा पशु सेवा मार्फत २३०० साना किसान, मझौला किसान तथा व्यावसायि किसानलाई प्रत्यक्ष सेवा प्रदान गरिएको छ ।

५.२१ लघुउद्यम मार्फत वडा नं ७ र ८ मा रहेका ८० जना लक्षित व्यक्तिलाई उद्यमी बनाउन विभिन्न तालिम तथा सहयोग कार्यक्रम मार्फत उत्पादन र बजारीकरण मार्फत आत्मनिर्भरता तर्फ अभिप्रेरित गरिएको छ । साथै वडा नं ४ को ठाँटिगैरा र गहतेरामा ४० जना उद्यमीलाई हाते होजियारी र साबुन बनाउने आधुनिक तालिम प्रदान गरिएको छ ।

५.२२ टोल विकास संस्था सबै वडामा गठन गरी सामाजिक अभियानमा परिचालन गरिएको छ ।

५.२३ ठुला आयोजनाहरुमा IEE को अवधारणालाई अगाडि बढाइएको छ ।

५.२४ बेरोजगार युवालाई कृषि तथा पशुपंक्षी व्यवसायमा आबद्ध गरी अध्यक्ष कृषि रोजगार कार्यक्रम मार्फत कृषकलाई विउ, मल, मेशिनरी सामाग्री आदि अनुदानको व्यवस्था गरी कृषि तथा पशुपालन तर्फ अभिप्रेरित गरिएको छ।

५.२५ सुरक्षित मातृत्त्व, वाल स्वास्थ्य तथा संस्थागत प्रसुति सेवालाई संवर्द्धन गर्नका लागि धेरै स्वास्थ्य संस्थाहरुमा व्यवस्थित वर्थिङ्ग सेन्टर संचालन गरी "**उपाध्यक्ष**

**प्रसुति पोषण कार्यक्रम"** लाई प्राथमिकता दिइ ६०० गर्भवती तथा सुत्केरी महिलाहरुलाई प्रत्यक्ष लाभ पुगेको छ।

५.२६ सुधारिएको चुलो प्रयोग गर्न स्थानीय बासिन्दालाई प्रोत्साहन गरिएको छ ।

५.२७ सूचना तथा संचार प्रविधिको विकासलाई आत्मसात गर्दै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिलाई अनलाइनमा आधारित दर्ता प्रणाली लागु गर्दै डिजिटाइजेशनको कार्य सम्पन्न भएको र पारदर्शिता र यथार्थ परकता प्रबर्द्धन गर्न सामाजिक सुरक्षा भत्ता बैङ्किङ्ग प्रणालिबाट वितरण गर्ने व्यवस्था गरिएको छ।

५.२८ प्राविधिक तथा प्रशासनिक जनशक्ति पुर्ति भई कार्य संचालनमा सहजता आएको छ ।

## ६. समस्याहरु

६.१ न्यून साधन श्रोत र कोरोना महामारी, कठिन भुगोल र छरिएको वस्ति,

६.२ संघियता कार्यान्वयनको लागि क्षमता र ज्ञानमा कमि,

६.३ श्रमशक्तीको उच्च मूल्य तथा लागत,

६.४ अर्थपूर्ण जनसहभागिता घट्दै जानु,

६.५ कर शिक्षा प्रभावकारी नहुनु,

६.६ कार्यान्वयन निकाय बीच न्यून समन्वय हुनु,

६.७ लगानीको अनुपातमा सार्वजनिक शिक्षाको गुणस्तर खस्कदै जानु,

६.८ कृषि उत्पादनमा बजारको सुनिश्चितता नहुनु,

६.९ शहिद परिवार, द्धन्द पिडित, घाइते तथा अपाङ्गहरुको समूचित व्यवस्थापन हुन नसक्नु,

६.१० कृषिमा व्यावसायिकरण र आधुनिकिकरण हुन नसक्नु ।

७. नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सहकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, चार वर्षको अनुभवका आधारमा निम्न चुनौतिहरु प्रस्तुत गर्दछु ।

- ७.१ पर्याप्त र गुणस्तरिय स्वास्थ्य पूर्वाधार र सेवा कायम गर्ने,
- ७.२ सबैको लागि सधैको लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता कायम गर्ने,
- ७.३ कृषि उत्पादन र उत्पादकत्त्व वृद्धि गरी उत्पादनशिल रोजगारी सृजना गर्ने,
- ७.४ सार्वजिनक निर्माणलाई समयवद्ध र गुणस्तरिय बनाउने,
- ७.५ स्रोत तथा साधनको समुचित कार्यान्वयन मार्फत स्थानीय तहको पूर्ण कार्यान्वयनको क्षमता वृद्धि गर्ने,
- ७.६ स्थानीय उत्पादनको वजारिकरणको सुनिश्चितता गर्ने,
- ७.७ सेवा प्रवाहलाई सर्वसुलभ र नागरिकमैत्री तुल्याउने,
- ७.८ स्वस्थ, सुरक्षित, व्यवस्थित तथा सुन्दर बस्तीयुक्त गाउँहरु निर्माण गर्ने,
- ७.९ विकास आयोजनाहरुमा जनताको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने,
- ७.१० विकास पूर्वाधारहरु विस्तार र पहुँच वस्ती स्तर सम्म पुराउने,
- ७.११ समृद्ध, समुन्नत र हरीयाली गाउँपालिकाको रुपमा विकास गर्ने,
- ७.१२ युवा तथा वेरोजगारको समूचित व्यवस्थापन गर्ने,
- ७.१३ सुरक्षित, मर्यादित र भरपर्दो रोजगारीको सुनिश्चितता गर्ने,
- ७.१४ आवश्यकता र श्रोतको सिमितता वीच तालमेल मिलाउने,
- ७.१५ विधिको शासन स्थापित गर्ने ।

८. राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघ तथा प्रदेश नीति तथा योजना, स्थानीय तहको अधिकार क्षेत्र र यस गाउँपालिकाको आवश्यकता र

सम्भावनाका आधारमा यस गरिमामय सभामा **आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम** प्रस्तुत गर्न चाहन्छु ।

८.१ चालु आ.व को अन्तिम चौमासिकमा सुरु भएको लकडाउनका कारण विकास निर्माणका कार्यहरु लगायतका अत्यावश्यक बाहेकका अन्य सेवाहरु अवरुद्ध भएको सबैलाई विदितै छ।महामारी र बन्दाबन्दीका बाबजुद चालु आ.ब. मा अपेक्षित उपलब्धि हासिल सम्भव भएको छ । संक्रमितको पहिचान र होम आईसोलेसनको अवधारणालाई अगाडी बढाउदै **कोभिड विशेष अस्थाई अस्पताल** सञ्चालनमा ल्याइएको छ। आगामी आ.व. २०७८/७९ मा समेत महामारीको कारण थप चुनौतिपूर्ण हुने सम्भावना छ। जोखिम न्यूनिकरण गर्दै सामाजिक, आर्थिक, र पूर्वाधार विकास तथा सेवा प्रवाहमा चुनौती थपिएको छ।

८.२ बंगलाचुली गाउँपालिकामा दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्दै सामाजिक, आर्थिक न्यायसहितको विकासका लागि **"शिक्षा, स्वास्थ्य र सुरक्षित आवासमा लगानी, संमृद्ध बंगलाचुलीको विहानी"** भन्ने मूल लक्ष्य लिई आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

८.३ कोभिड-१९ को महामारी न्यूनीकरण रोकथाम नियन्त्रण र उपचारको उचित व्यवस्था गर्दै आवश्यक औषधि एवम् औषधिजन्य सामग्रीको सहज आपूर्ति तथा उपलब्धतामार्फत नागरिकको जीवन रक्षालाई उच्च प्राथमिकता दिइनेछ ।कोभिड-१९ नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने आइसोलेसन, अक्सिजन सिलिन्डर, अक्सिजन कन्सेन्ट्रेटर लगायत अत्यावश्यक स्वास्थ्य उपकरण, औषधि तथा औषधिजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरिनेछ ।

- बंगलाचुली गाउँपालिकाका सबै जनतालाई कोभिड-१९ विरुद्धको खोप लगाउने व्यवस्था गर्न आवश्यक पहल गरिनेछ ।

- कोभिड विशेष अस्थाई अस्पताल भर्ना भएका कोरोना संक्रमितहरुको लागि निशुल्क उपचार र पोषिलो आहार सम्बन्धित अस्पतालबाट उपलब्ध हुने व्यवस्था गरिनेछ । संक्रमितहरुको मनोबल उच्च राखी रोग प्रतिरोधात्मक क्षमता बढाउन मनोपरामर्शका साथै योगको समेत व्यवस्था मिलाईने छ।

- कोभिड महामारी नियन्त्रण एवम् विपद् व्यवस्थापनका कार्यहरुमा सहयोग तथा सहकार्य गर्ने गरी स्वयंसेवकहरु परिचालन गरिनेछ ।

- कोभिड महामारी नियन्त्रणका लागि स्वास्थ्य सेवातर्फ थप जनशक्ति र पूर्वाधारको व्यवस्था गरिनेछ । कोभिड उपचारमा संलग्न स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराइनेछ।

- महामारी नियन्त्रणका लागि गरिएका बन्दाबन्दी र निषेधाज्ञाबाट प्रभावितलाई जीविकोपार्जन तथा आयमूलक प्रकृतिका कार्यक्रमहरुमा आबद्ध गरिनेछ ।
- कोभिड-१९ रोकथाम, उपचार तथा प्रतिकार्य व्यवस्थापन कोषको निरन्तरता दिईनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.४ जनताको आधारभूत मौलिक हकको रुपमा रहको स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरिय बनाई सबैको सहज पहुँच सुनिश्चित गरिनेछ ।

- अल्जाईमर, क्यान्सर, पर्किन्सन, सिकलसेल एनिमिया, मुटु, मिर्गौला, रिकेट्स, अटिज्मजस्ता दिर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।

- बंगलाचुली अस्पताललाई विशेषज्ञ सहितको सेवा प्रवाह गर्ने अस्पतालको रुपमा विकास गर्न अस्पतालको क्षमता अभिवृद्धि गरी फार्मेसी संचालनमा ल्याइनेछ र अत्यावश्यक थप पूर्वाधारको विकास तथा सुदृढिकरण गरिनेछ ।

- घुम्ती स्वास्थ्य तथा प्रयोगशाला शिविरमार्फत स्वास्थ्य संकट देखिएका दुर्गम स्थानहरुमा तत्काल स्वास्थ्य सेवा पुऱ्याइनेछ ।

- स्थापना भएका सबै स्वास्थ्य संस्थाहरुमा क्रमशः प्रयोगशाला सेवा सुचारु गरिनेछ ।

- हाँसिपुर आयुर्वेद अस्पतालको भवन निर्माण गरी वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ ।

- मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । एक घर दुई फलफूलको अवधारणा अनुरुप प्रत्येक घरमा फलफूलका विरुवा रोप्ने कार्यलाई निरन्तरता दिइनेछ।

- सबै बर्थिङ्ग सेन्टरलाई श्रोतसाधनसहित व्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ आएको उपाध्यक्ष पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- पूर्ण सरसफाई अभियानलाई निरन्तरता दिइनेछ ।

- दुर दराजमा रही स्वास्थ्य उपचारमा उलेख्य योगदान गरेवापत सम्पूर्ण महिला स्वयंसेविकाहरुलाई प्राप्त हुँदै आएको सुविधामा वृद्धि गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.५ स्थानीय ज्ञान, सिप, श्रोत, साधन तथा परम्परागत एवम् आधुनिक प्रविधि उपयोग गर्दै उत्पादन एवम् उद्यमशीलतालाई प्रबर्द्धन गरी युवाहरुलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ ।

- स्थानीयस्तरमै न्यूनतम रोजगारी एवम् जीविकोपार्जनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा अध्यक्ष युवा कृषि रोजगार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- परम्परागत सीप, हस्तकला र प्रविधिलाई प्रबर्द्धन गरी युवालाई रोजगारीको अवसर सृजना गर्न **"सीपसँगै सहयोग"** कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि मागमा आधारित उद्यमशिलता तथा सीप विकास तालिम, पूँजी, प्रविधि र बजारीकरणमा सहयोगको व्यवस्था मिलेइनेछ ।

८.६ निर्यातमूलक उद्योग तथा व्यवसायहरुको स्थापना, विकास, विस्तार, प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्दै आत्मनिर्भर एवं दिगो स्थानीय आर्थिक विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

- **"एक स्थानीय तह, एक उत्पादन"** कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि सम्भाव्यता तथा वातावरणीय अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन सहित उद्योग ग्रामको अवधारणा अगाडि बढाइनेछ ।

- युवा तथा लक्षित वर्गलाई स्वदेशमै स्वरोजगार बनाउन होम-स्टे सञ्चालन, औद्योगिक जनशक्ति विकास एवम् उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

- बंगलाचुलीको जडिबूटी अल्लो, लोक्ता, बाबियो, केतुकी, टिमुर, दालचिनी, सुगन्ध कोकिला(मालागेडी), समायो र गडेरी आदि जस्ता स्थानीय कच्चा पदार्थको विकास तथा प्रबर्द्धनको लागि सार्वजनिक-निजी साझेदारीमा विकास गरिनेछ ।

- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने नवप्रवर्द्धन एवम् सिर्जनशील उद्यमशिलतालाई प्रोत्साहन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सृजना र सिर्जित उद्यमीहरुको स्तरोन्नतीसँगै आवश्यक सिप तथा वस्तुगत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.७ परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायिक, प्रतिस्पर्धात्मक र उच्च मूल्यमुक्त बनाउन आवश्यक नीतिगत, संस्थागत र जनशक्ति व्यवस्थापन गरी **प्राङ्गरिक गा.पा. को रुपमा विकास गर्ने नीति** लिइनेछ ।

- टुक्रे कृषि गतिविधिलाई निरुत्साहित गर्दै कृषि तथा पशुपालनको विस्तृत सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण, प्रशोधन, र बजारीकरणको एकीकृत कृषि विकास योजना निर्माण गरिनेछ।

- कृषि प्राविधिकहरुलाई कृषि व्यवसाय आकर्षित गर्न तथा कृषकको घरदैलोमा प्राविधिक सेवा पुऱ्याउन **एक वडा एक कृषि प्राविधिक कार्यक्रम** संचालन गरिनेछ ।

- आधुनिक कृषि प्रणालिलाई आत्मसात् गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न प्रादेशिक तथा संघीय सरकार र अन्य साझेदार निकायसँग समन्वय र साझेदारीमा माटो परिक्षण कार्यशाला संचालन गरिनेछ ।

- स्थानीय तहमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहकार्यमा कृषि हाट बजार, शित भण्डार, कोशेली घर स्थापना तथा संचालन गर्न प्रोत्साहित गरिनेछ ।

- बाँझो छोडिएका खेतियोग्य जमिनलाई विकास तथा उपयोग गरी कृषि उत्पादन वृद्धि गरिनेछ ।

- भूमिको उचित उपयोगका लागि जोखिम संवेदनशिल भू-उपयोग गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी व्यवासयिक करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्पेरित गरिनेछ ।

८.८ पशुपालन मार्फत स्थानीय स्वरोजगार वृद्धि गर्दै पशुपन्छीजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउनुका साथै यस्ता उत्पादनको निर्यातलाई प्रवर्द्धन गरी आर्थिक विकास गर्ने नीति लिइनेछ ।

- व्यावसायिक एवम् उन्नत नश्लका पशुपन्छी, माछापालन, मौरीपालन र उच्च मूल्यका पशुपन्छीपालन व्यवसायलाई प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- सन् २०३० सम्म पी.पी.आर., खोरेत, रेबिज रोग नियन्त्रण तथा उन्मूलन गर्ने अन्तराष्ट्रिय लक्ष्यअनुसार भ्याक्सिन तथा औषधि यथा समयमै दिने पहल गरिनेछ ।

८.९ समाजवाद उन्मुख सामाजिक, आर्थिक प्रणाली प्रबर्द्धनका लागि मर्यादित, गुणस्तरिय, विधिसम्मत र सुशासनयुक्त सहकारी क्षेत्रको विकास गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.१० कोरोना महामारी तथा विपद्को कारण उत्पन्न हुनसक्ने सम्भावित खाद्य संकट समाधान गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्न अत्यावश्यक खाद्य उत्पादन, भण्डारण, वितरण र आपूर्तिको लागि समन्वय गरिनेछ ।

- सरोकारवाला र नियमनकारी निकायहरुसँगको समन्वयमा गुणस्तर परिक्षण र प्रभावकारी बजार अनुगमन गरी दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्तिको प्रबन्ध मिलाईनेछ ।

- सम्भावित विपद्लाई समेत मध्यनजर गर्दै कृषकसँग कृषि उपज सङ्कलन र भण्डारणका लागि **एक वडाः एक अन्न भकारी** स्थापना गर्न प्रोत्साहन गरिनेछ।

- स्थानीय उत्पादनको बजारीकरण, निर्यात र उपभोगमा विशेष प्राथमिकता दिइनेछ । उत्पादित वस्तुको आन्तरिक खपत वृद्धि गर्न सहकारी तथा निजी क्षेत्रलाई **बंगलाचुली कोशेली गृह** सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

८.११ कोभिड महामारीको संकटलाई मध्यनजर गर्दै प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रोत्साहन र प्रबर्द्धन गर्न दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकारसँगको सहकार्यमा प्राविधिक र स्वरोजगारमूलक शिक्षामा जोड दिइनेछ ।

- सामुदायिक एवम् प्राविधिक विद्यालयहरुको पूर्वाधार विकास तथा शैक्षिक जनशक्तिको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- सिपयूक्त दक्ष जनशक्ति उत्पादनका लागि तालिम तथा बहु विधा प्राविधिक शिक्षाको नीति लिइनेछ । विपन्न, द्धन्दबाट घाइते, अपाङ्ग तथा शहिदका

सन्तती र जेहेन्दार विद्यार्थीलाई डाक्टर, ईन्जिनियर अध्ययनको लागि कम्तिमा १ जनालाई विशेष छात्रवृत्ति प्रदान गरिनेछ ।

८.१२ विद्यालय शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक, सीपमूलक र जीवनोपयोगी बनाउन सामुदायिक विद्यालयको क्षमता विकास तथा पहुँच विस्तार गर्ने नीति लिइनेछ ।

- सुधा मा.वि. मा मर्जर भएको बंगलाचुली ईङ्गलिस मिडियम स्कुल, बंगलाचुली-५, मुर्कुटीको जग्गा तथा भवन प्राप्तीको प्रक्रिया अघि बढाई मर्जरलाई थप विस्तार गर्दै लगिनेछ ।

- सामुदायिक शैक्षिक संस्थाको पूर्वाधार, स्थानीय पाठ्यक्रम लगायतका विषयमा समसामयिक सुधार गरी बैज्ञानिक, सिपमूलक तथा गुणस्तरिय शिक्षा प्रदान गर्न **बंगलाचुली शैक्षिक सुधार कार्यक्रम** सञ्चालन गरिनेछ ।

- **एक स्थानीय तह एक नमूना सामुदायिक विद्यालय कार्यक्रम** अन्तर्गत श्री महेन्द्र मा.वि. श्रीवारीलाई थप व्यवस्थित गरिनेछ।

- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बस्ति तथा समूदायलाई लक्षित गरी आवश्यकता अनुसार वाल विकास केन्द्रहरु स्थापना तथा संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिमा सुधार गरिनेछ। गा.पा.ले निर्माण गर्ने पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ ।

- गाउँ शिक्षा योजना तथा नीति निर्माण गरिनेछ । सबै विद्यालयहरुमा ईन्टरनेट सेवा सुचारुका लागि कार्य अगाडि बढाइनेछ ।

- महामारी र विपदमा बालबालिकाको शैक्षिक निरन्तरताका लागि वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

- संघीय सरकारको घोषणा तथा यस पालिकाको क्षमता अनुसार बालविकास सहायक कार्यकर्ता तथा विद्यालय कर्मचारीको तलब वृद्धी गरिनेछ ।

- विद्यालयमा स्वास्थ्य शिक्षा, सचेतना, प्राथमिक परीक्षणका लागि स्वास्थ्यकर्मी परिचालन गरिनेछ ।

८.१३ जनआन्दोलन, जनयुद्ध लगायतका आन्दोलनका शहिद परिवार, वेपत्ता परिवार, घाइते, अपाङ्ग तथा द्धन्दपिडितको सम्मानका लागि शहिदका नजिकका परिवारलाई मासिक रु. २०० का दरले शहिद स्मृती/योगदान भत्ता उपलब्ध गराइनेछ । उनिहरुका लागि व्यवसाय सहयोग कार्यक्रम व्यवस्था गरिनेछ ।

- राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहिदहरुको सम्झनामा शहिद दिवस र राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मानको लागि शहिद दिवसको दिन सिर्जनात्मक कार्यक्रमको आयोजना गरि मनाइनेछ।

८.१४ ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, परिवारबाट विस्थापित, असहाय र सामाजिक वञ्चितिकरण र वहिस्करणमा परेका वर्ग र समूदायको संरक्षण र पुनःस्थापना गरिनेछ ।

- समाजमा आर्थिक तथा सामाजिक रुपमा पछि परेका दलित समुदायको आर्थिक तथा समाजिक विकास तथा स-शक्तिकरण गर्न कानूनी प्रबन्धका अलावा लक्षित कार्यक्रम  संचालन गरिनेछ ।

- पैतृक सम्पतीमा छोरा र छोरीलाई समान अधिकार प्रदान गर्ने दम्पतिलाई सम्मानको व्यवस्था मिलाईनेछ ।

**सभाअध्यक्ष महोदय,**

<u>८.१५</u> गा.पा. को विकास र समृद्धिमा युवाको रचनात्मक योगदान सुनिश्चित गर्न युवाको सर्वाङ्गिण विकास गर्ने नीति लिइनेछ ।

- अध्यक्ष कप प्रतियोगितालाई निरन्तरता दिइनेछ ।प्रदिप-वासु खेलमैदानको स्तरोन्नती गर्दै लगिनेछ ।अन्य खेलमैदानको विकासको नीति लिईनेछ ।

- नागरिकको श्रम प्रति सम्मान, सामुदायिक कार्यमा स्वयंसेवा गर्न स्वःस्फूर्त रुपमा तयार हुन उत्प्रेरित गर्न श्रममूलक कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।निजी क्षेत्रको रोजगारिमा समेत स्थानीय युवा वेरोजगारहरुलाई प्राथमिकता दिने नीति अङ्गिकार गरिनेछ ।

- स्वस्थ र सिर्जनशिल जीवनका लागि खेलकुद, योग, व्यायाम र ध्यानलाई समुदाय तथा विद्यालय तहसम्म अभियानका रुपमा विस्तार गरिनेछ ।

<u>८.१६</u> भाषा, कला, साहित्य तथा संस्कृतिको सम्बर्द्धन र प्रबर्द्धनमा विशेष जोड दिइनेछ ।

- भाषा, कला, साहित्य तथा संस्कृतिको सम्बर्द्धनमा विशिष्ट योगदान गर्ने स्रष्टाहरुलाई सम्मान गरिनेछ।

- परम्परागत रुपमा चली आएका मेला, पर्व र जात्राहरुको प्रवर्द्धन कार्यलाई समयानुकुल र रचनात्मक बनाउन पहल गरिनेछ ।

- २५ वर्ष निरन्तर सेवा गरेका राष्ट्रसेवकहरुलाई सम्मान गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.१७ महामारीले अर्थतन्त्रमा पारेको प्रभाव न्यूनीकरण गर्न आन्तरिक पर्यटनलाई स्थानीय रोजगारी र आयआर्जनको आधारको रुपमा विकास गर्न बंगलाचुली गाउँपालिकालाई आकर्षक गन्तब्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

- पर्यटन क्षेत्रको प्रबर्द्धन गर्न होटेल तथा सामुदायिक होम स्टे विकास गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- बंगलाचुली गाउँपालिका वडा.नं. १,२,५, र ८ मा रहेका बागेश्वरी मन्दिर, उजा, धिमधिमे पर्यटकिय क्षेत्र, बंगलाचुली पार्क, र रानीथुम्की पर्यटकिय क्षेत्रको प्रबर्द्धन गरिनेछ । साथै वडा नं ४ मा रहेको गढिलेख निर्माणका लागि प्रदेश सरकारसँग पहल गरिनेछ ।

- यस गाउँपालिका अन्तर्गत कार्यरत सबै राष्ट्रसेवक शिक्षक तथा कर्मचारीलाई कम्तिमा ५ दिनको पर्यटन काजको व्यवस्था मिलाईनेछ ।

८.१८ **"दिगो वन व्यवस्थापनः स्वच्छ, स्वस्थ र समृद्ध जीवनयापन"** सोचलाई कार्यान्वयन गर्न वन व्यवस्थापन, वन पैदावार, जडिबुटी तथा जैविक विविधताको दिगो संरक्षण गरी रोजगारी श्रृजना र हरित अर्थतन्त्रको विकासमा वन क्षेत्रको उपयोग गरिनेछ ।

- सडक बाटोको दुबैतर्फ सौन्दर्य प्रदायक, सडक सुरक्षा तथा आयमूलक बिरुवाहरुको वृक्षारोपण गरी हरियाली सडक विकास गर्न प्रोत्साहित गरिनेछ।

- सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र योजना तर्जुमा प्रक्रियामा आबद्ध गरिनेछ ।

- विभिन्न संघ सँस्था तथा टोल विकास सँस्था, सामुदायिक वनहरुको सहभागितामा भू– क्षय तथा विपदलाई मध्यनजर गरी बृक्षारोपण र तारवार गर्ने गरी व्यवस्था मिलाइनेछ। जीविको पार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन गाउँपालिका भित्र रहेका सामुदायिक वनमा नकारात्मक प्रभाव नपर्ने गरी कार्ययोजना बनाइ सामुदायिक तथा निजी क्षेत्रको लगानीमा फन पार्क, रिसोर्ट र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्ने नीति लिईएको छ।

८.१९ राष्ट्रिय विद्युत प्रसारण सञ्जालमा हालसम्म नजोडिएका दुर्गम गाउँहरुलाई जलविद्युत, सौर्य उर्जा, बायोग्यास, वायु उर्जा लगायतका वैकल्पिक उर्जामार्फत विद्युतिकरणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.२० संघ, प्रदेश र स्थानीय तहबाट निर्माण गरिने सबै सडकलाई एकिकृत सडक सञ्जालमा आवद्ध हुने गरी सुरक्षित भरपर्दो र गुणस्तरीय सडक पूर्वाधार विकास गर्न सडक तथा यातायात गुरुयोजना अद्यावधिक गरिनेछ ।

- गा.पा. को महत्त्वका सडक तथा पुल निर्माणको कार्यलाई एकीकृत आयोजनाको रुपमा पहल गरिनेछ । सडक निर्माण गर्दा गाउँपालिकाको केन्द्रदेखि मुख्य सडक वा राजमार्ग सँग जोड्ने सडक र जिल्ला सदरमुकाम हुँदै प्रदेश राजधानी जोड्ने सडकलाई उच्च प्राथमिकता दिइनेछ ।

- गाउँपालिकाको पूजिंगत बजेटको न्युनतम ३ प्रतिशत बजेट पूर्वाधार मर्मत तथा संभार गर्ने कार्यको लागि विनियोजन गरिनेछ।

- विद्यालय, स्वास्थ्यचौकी, हाट बजार र बस्तीमा सहज पहुँच पुऱ्याउन आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

- जटिल प्रकृतिका, आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ। श्रममा आधारित कामहरु उपभोक्ता समिति मार्फत गर्न क्षमता विकासको तालिम सञ्चालन गरिनेछ।

- स्थलगत योजना सम्झौता कार्यलाई निरन्तरता दिदै प्रत्येक वडामा गठन हुने उपभोक्ता समितिहरुको दलित तथा महिला संयोजक कम्तिमा ३३% कायम गर्ने नीति लिइनेछ।

८.२१ जनतालाई आधारभुत खानेपानीको व्यवस्था र सबै खेतियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन आवश्यकता अनुसार वर्षातको पानी सङ्कलन, तथा लिफ्ट खानेपानी लगायतका नविन प्रविधिहरुको माध्यमबाट सबैलाई स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सिँचार सुविधा विस्तार गर्ने नीति लिइनेछ ।

- गा.पा. को केन्द्र कमिरेचौरको खानेपानी समस्या समाधान गर्न ठुलोखोला लिफ्ट खानेपानी आयोजना कार्यान्वयन भैसकेको र अन्य आयोजनाहरुको निर्माण कार्य थप विस्तार गरिनेछ ।

- सार्वजनिक, निजी तथा उपभोक्ताको साझेदारीमा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- खेतियोग्य जमिनमा वर्षैभरी सिँचाई सुविधा पुऱ्याउन सम्भाव्यताका आधारमा आवश्यक सिँचाई आयोजनाहरु क्रमश निर्माण गरिनेछ ।

८.२२ छरियर रहेका तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी जनतालाई सुरक्षित आवासको सुनिश्चितता गर्न नेपाल सरकार र प्रदेश सरकार सँगको सहकार्यमा **एकीकृत बस्ती विकास कार्यक्रम** अगाडि बढाइनेछ ।

८.२३ **"सुरक्षित घर, सबैको रहर"** भन्ने मुल मन्त्रलाई साकार पार्न अति विपन्न लक्षित वर्ग र समुदायको जीवनस्तर सुधार, सभ्यता विकास र सामाजिक रुपान्तरणका लागि **खरको छानो विस्थापन कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

८.२४ गाउँपालिकाको कामकारबाही, विकास निर्माण तथा सेवा प्रवाहको सम्बन्धमा जनताको गुनासा, सुझाब, जिज्ञासा तथा अपेक्षाहरु सम्बोधन गरी सेवा प्रवाहमा नागरिक संलग्नता अभिवृद्धि गरिनेछ ।

- पालिका तथा मातहतबाट हुने सेवा प्रवाह तथा संचालित आयोजनाहरुको सम्बन्धमा जिज्ञासा, गुनासो तथा सुझाव प्रत्यक्ष रुपमा सम्बोधन गर्नका लागि सञ्चालनमा ल्याइएका **"मिडियामा बंगलाचुली गाउँपालिका", बंगलाचुली एफ.एम. द्धारा "जनतासँग जनप्रतिनिधि कार्यक्रम"** र **NTV HD मार्फत "हाम्रो बंगलाचुली, राम्रो बंगलाचुली" कार्यक्रम** संचालनमा ल्याइनेछ ।

८.२५ सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, चुस्त सरल, पारदर्शि र प्रभावकारी बनाई आम नागरिकको गा.पा. प्रति अपनत्त्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत, कानुनी, संस्थागत एवम् मनोव्यावहारिक पक्षमा सवलीकरण तथा निरन्तर सुधार गर्दै लगिनेछ ।

- स्थानीय सेवालाई व्यावसायिक, गुणस्तरीय, नागरिक केन्द्रित, परिणाममुखी र समसामयिक बनाउन स्थानीय सेवा सम्बन्धी आवश्यक कानून निर्माण गरिनेछ ।

- स्थानीय तहमा रिक्त दरबन्दीमा प्रदेश लोकसेवा आयोगमार्फत पदपूर्तिको कार्य अगाडि बढाइनेछ ।

- जेहेन्दार, लक्षित तथा विपन्न वर्गका शिक्षित वेरोजगार युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्न लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

- सरकारका निकायहरुको आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड तयार गरी लागु गरिनेछ ।

- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

- गाउँपालिका क्षेत्रभित्र कुनै व्याक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको हकमा उक्त कार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि घर जग्गा बहाल कर सुधार कार्य योजना तयार गरी लागु गरिनेछ।

- उच्च मनोवलयुक्त सार्वजनिक सेवा कायम गर्न स्थानीय सेवा तर्फका सबै राष्ट्रसेवकहरुको तलब वृद्धि गरिनेछ ।

- हाँसिपुर र बोझपोखरामा बैङ्किङ्ग पहुँच बढाउन शाखारहित(BLB) बैङ्किङ्ग प्रणालिको लागि पहल गरिनेछ ।

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित, प्रविधिमैत्री गराउन व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सुदृढिकरण कार्यक्रमलाई साझेदारी गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

८.२६ मानव अधिकार प्रबर्द्धन, नागरिकको जीउधन र स्वतन्त्रताको संरक्षण, संविधान प्रदत्त मौलिक हकको प्रत्याभुति र पालिकाभित्र शान्ति सुरक्षा र अमनचयन कायम राख्न आवश्यक कानूनी तथा संस्थागत विकास गरिनेछ ।

- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ। पदाधिकारी, वडा सचिव, तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन तथा सो सँग सम्बन्धित विषयमा तालिम दिई न्यायिक निरुपणको व्यवस्था मिलाइनेछ।.न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै मुद्धा मामिलाको छिनोफानो गरिनेछ।

- जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्न कानूनी र संस्थागत प्रबन्ध गरी नगर प्रहरी परिचालनमा ल्याइनेछ ।

- मानवअधिकारका सर्वमान्य सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात गर्दै मानवअधिकार संरक्षण र प्रबर्द्धनमा अभियानलाई निरन्तरता दिइनेछ ।

- मानव बेचविखन, घरेलु हिंसा, लागु औषध दुर्व्यसन जस्ता अपराधको मूल कारण पहिचान तथा निदान गर्न समुदायसँगको साझेदारीमा आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम, सामुदायिक प्रहरी एवम् सुधार केन्द्र संचालन गरी शान्ति, सुरक्षा र अमनचयनको वातावरण निर्माण गरिनेछ ।

- कानून बमोजिम शासन सञ्चालन गर्न प्रत्येक नागरिकलाई चेतनशिल बनाउन आवश्यक पर्ने कानून निर्माण र मौजुदा कानूनको प्रभावकारी कार्यान्वयनका लागि कानूनको साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । विपन्न र हिंसामा परेका पीडितहरुलाई न्यायमा पहुँच वृद्धि गर्न निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाईनेछ र न्यायिक समितिको कार्यसम्पादनलाई थप सुव्यवस्थित र प्रभावकारी बनाईनेछ ।

- समाजमा विद्यमान रहेका कुरिति, कुसंस्कार, कुप्रथा र सबै प्रकारका विभेद तथा हिंसाको अन्त्य गरी सुरक्षित, सुसंस्कृत र समतामूलक समाज निर्माण गरिनेछ । यसका लागि लागुऔषध उत्पादन, ओसारपसार, बेचविखन, दुर्व्यसन, जुवातास र मद्यपानजस्ता विकृतिलाई निर्मूल गर्न अभियान सञ्चालन गरिनेछ ।

- भूमि सम्बन्धी समस्या समाधान आयोगको नीति अनुरुप भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई पहिचान, लगत सङ्कलन गरी प्रमाणिकरण गराई लालपूर्जा वितरण गरिनेछ ।

- जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गरी लक्षित कार्यक्रम संचालन गरिनेछ।८० वर्ष माथिका जेष्ठ नगरिक र पूर्ण अपाङ्गता भएका लाभग्राहीहरुलाई बैंकमार्फत घरमै भत्ता वितरणको व्यवस्था मिलाईनेछ।

- महिला, किशोर-किशोरी, वालवालिका, दलित, जनजाती उत्थान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८.२७ गा.पा. को भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र संघसंस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ ।

- विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजनामार्फत नेपाल सरकार, प्रदेश सरकार र गा.पा. तह तथा अन्तराष्ट्रिय संघ/संस्था र निजी क्षेत्रसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवम् विपद् स्वयंसेवक परिचालनका कार्यहरु समन्वयात्मक ढङ्गले सम्पादन गरिनेछ ।

- सार्वजनिक जग्गा तथा सम्पतीको पहिचान तथा संरक्षण गरिनेछ ।

- स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ।

८.२८ सामुदायिक सञ्चारमाध्यमको संस्थागत क्षमता विकास तथा सञ्चारकर्मीको पेशागत क्षमता अभिवृद्धिका क्रियाकलापहरु मार्फत आमसञ्चार माध्यमलाई स्वच्छ, मर्यादित र व्यावसायिक बनाउने नीति लिइनेछ ।

- आम सञ्चार माध्यमलाई व्यवस्थित र प्रभावकारी बनाउन **"रेडियो बंगलाचुली"** संचालनका साथै पत्राकारिता तालिमको व्यवस्था गरिनेछ।

८.२९ विद्युतिय शासनको सोच साकार पार्न गाउँपालिका र मातहतका कार्यालयको कामकाजलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

- गा.पा. को सेवा प्रवाह, सुरक्षा व्यवस्थालगायत अन्य व्यवस्थापकिय कार्यमा विद्युतीय शासन प्रणालीको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ ।

- अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित नीति, कार्यक्रम तथा योजना छनौट एवम् निर्माण गर्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क सङ्कलन प्रशोधन भण्डारण र उपयोगका लागि समुचित व्यवस्था गरिनेछ।

- पारदर्शिता र जवाफदेहिता कायम गरी सुशुचित हुने सूचनाको हकलाई प्रवर्द्धन गर्न तथा भए गरेका गतिविधिहरु जनमानससम्म पुऱ्याउन विकासको सुचकका रुपमा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई जस्ता विधि लगायत बंगलाचुली गाउँपालिकाको आफ्नै स्वामित्त्वमा रेडियो बंगलाचुली संचालनलाई निरन्तरता दिइनेछ ।

८.३० गा.पा. को प्राथमिकताका क्षेत्रमा लगानी र प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ । गा.पा. का महत्त्वका ठुला पूर्वाधार विकास, रोजगारी सिर्जना, कृषि, उद्योग, भौतिक पूर्वाधार र पर्यटनको विकासका लागि सार्वजनिक, निजी र सरकारी क्षेत्रलाई परिचालन गर्ने आर्थिक नीति लिइनेछ ।

- बस्तुनिष्ठ मापदण्डका आधारमा आयोजना छनौट र कार्यान्वयन हुने प्रणाली विकास गरिनेछ ।

- उच्च प्रतिफल दिने आयोजनाहरु पहिचान गरी सार्वजनिक निजी लगानी प्रबर्द्धन गरिनेछ ।

- वित्तीय साक्षरता, बैङ्किङ्ग प्रणालीमा पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गरिनेछ । नागरिकको बचत वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना गर्ने अभियान संचालन गर्न अभिप्रेरित गरिनेछ ।

- आन्तरिक श्रोत अभिवृद्धि गर्न अधिकार क्षेत्र अन्तर्गत रहेको राजश्वको दायरा विस्तार तथा कर प्रणालीमा समसामायिक सुधार गरिनेछ । साथै नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदनको एकिकृत स्वचालित प्रणाली विकास र प्रयोगको व्यवस्था मिलाइनेछ ।

८.३१ कोभिड-१९ को महामारीबाट अर्थतन्त्रमा सिर्जित विषम् परिस्थितिमा भएको श्रोतको संकुचन र यसबाट पर्ने वित्तीय भार समेतलाई मध्यनजर गरी चालु तथा प्रशासनिक खर्चलाई निश्चित सीमामा राखिनेछ । दीर्घकालिन दायित्त्व न्यूनीकरण गर्ने र गैर बजेटरी खर्चलाई निरुत्साहित गर्दै वित्तीय उत्तरदायित्त्व र जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८.३२ प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने सभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नागरिक समाज, श्रमजीवीवर्ग, सञ्चारकर्मी, विकास साझेदार एवम् गैरसरकारी संघसंस्था लगायत आम बंगलाचुली बासीप्रति आभारी छु ।

**सभाका सदस्यज्यूहरु,**

**"शिक्षा, स्वास्थ्य र सुरक्षित आवासमा लगानी, संमृद्ध बंगलाचुलीको विहानी"** भन्ने नारालाई साकार पार्नका लागि माथि उल्लेखित नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन्। यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, संचारकर्मी, नागरिक समाज लगायत सम्पूर्ण बंगलाचुलीबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु। कोरोना भाईरसको महामारीको समयमा प्रकोप रोकथाम तथा नियन्त्रण गर्न र नागरिकको जनजिवन सामान्य बनाउन गाउँपालिकासंग हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण बंगलाचुली बासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु। अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण बंगलाचुली बासीहरु कोभिड-१९ को महामारीबाट सुरक्षित रहँदै गाउँ विकासमा योगदान गर्नुहुनेछ भन्ने हार्दिक अपेक्षा सहित अनुरोध गर्दछु।

धन्यवाद।।।

<u>प्रस्तुतकर्ता</u>

भक्त वहादुर वली

गाउँपालिका अध्यक्ष